छलफल तथा निर्णयहरु

१. आ.व. २०७५/७६ को संघीय वार्षिक कार्यक्रमको मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework) को निर्देशक समितिको निर्णय तथा सो को तयारी सम्बन्धमा आर्थिक व्यवस्थापन महाशाखाबाट तयार गरिएको कार्ययोजना बैठकमा जानकारी गराइयो। साथै, आगामी आ.व. को संघीय वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा सम्वन्धी कार्य प्रभावकारीरुपमा अगाडी बढाउने ।

२. मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework) तयार गर्ने सन्दर्भमा लक्ष्यहरु निर्धारण गर्दा चालु योजनाको नतिजा खाका आ.व. २०७५/७६ सम्मको लागि मात्र भएको हुँदा बाँकी दुई वर्षको अवधिका लागि आवश्यक नतिजा सूचकको सम्बन्धमा हाल तयार भैरहेको दीगो विकास लक्ष्यको मध्यमकालिन लक्ष्यहरुलाई आधार मानी निर्धारण गर्ने ।

३. प्रदेश, जिल्ला तथा स्थानीय तह समेटीने गरी केन्द्रीय तथ्याङ्क विभागबाट तयार गरिएको जियो कोडिङ (Geo Coding) अनुमोदन गर्ने। यस जियो कोडिङलाई सबै तहमा कार्यान्वयनमा लैजाने व्यवस्थाका लागि केन्द्रीय तथ्याङ्क विभागलाई निर्देशन दिने।